नाम्खा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(प्रशासन शाखा)
याल्वाङ, हुम्ला
कर्णाली प्रदेश, नेपाल

प.सं. : २०७९।०८० च.नं. : १४० मिति : २०७९।५।९

विषय : उपभोक्ता समिति गठन गरी पठाउने सम्बन्धमा ।

श्री वडा नं. १ देखी ६ को कार्यालय
नाम्खा गाउँपालिका, हुम्ला ।

प्रस्तुत विषयमा नेपाल सरकारको निर्णय र संघिय मामिला तथा सामान्य प्रशासन कार्यालयको निर्देशन अनुसार अव देखि निर्माण हुने हरेक आयोजनाको उपभोक्ता समिति स्थायी रहने अनिवार्य व्यवस्था भएअनुसार त्यस वडाको प्रत्येक वस्तीबाट बढिमा २ वटा उपभोक्ता समिति गठन गराई ती उपभोक्ता समितिलाई PAN नम्बर लिनका लागि आवश्यक प्रकृया अघि बढाउन तपसिलका कागजातहरु लिई गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न लगाई मिति २०७९ साल श्रावण मसान्त सम्म PAN नम्बर लिई यस कार्यालयमा दर्ता गराई प्रमाण पत्र प्राप्त भएपश्चात मात्र आयोजनाको सम्झौता प्रकृया अगाडि बढाईने छ भनी यस अघि मिति २०७९।३।३० गते पत्राचार गरी सकिएको तर हाल सम्म पनि यस विषयमा कुनै वडाबाट प्रकृया अघि नवढाएको देखिएले तुरुन्तै उक्त प्रकृया अगाडि बढाई भाद्र महिनाको १५ गते भित्र कार्यालयमा तपसिलको विवरण सहित पठाई दिनु हुन जानकारी गराईन्छ । अन्यथा विगत झै अस्थायी रुपका उपभोक्ता समिति संग आयोजनाको निर्माणको लागि सम्झौता गर्न नसकिने व्यहोरा समेत पुन जानकारीको लागि अनुरोध गरिन्छ ।

(धर्मराज न्यौपाने)
प्रमुख प्रशासकिय अधिकृत

**तपसिल**

१. समुदायको आम भेलाको माइन्युट (उपभोक्ता समिति गठन गरिएको लिष्ट सहित) हुनुपर्ने ।
२. उपभोक्ता समितिका सदस्यहरु सवैको नागरिकताको प्रतिलिपी अनिवार्य हुनपर्ने ।
३. उपभोक्ता समितिको विधान (सवै सदस्यहरुले दस्तखत गरेको) हुनुपर्ने ।
४. वडाको सिफारिस
५. अध्यक्ष, सचिव र कोषाध्यक्षको ४।४ प्रति फोटो
६. उपभोक्ता समूह दर्ताको लागि सम्बन्धीत उपभोक्ता समितिको निवेदन
७. नगदि रसिद

**बोधार्थ**

श्री सूचना प्रविधि शाखा
नाम्खा गाउँपालिका, हुम्ला : वेभ साईटमा अपलोड गर्न हुन ।

फोननम्बर : ०८७-६८०२८०, अडियो नोटिस बोर्ड : १६१८०८७६८०२८०
वेवसाइट : www.namkhamun.gov.np,ईमेल:ito.namkhamun123@gmail.com